# मदिरा नियन्त्रण (सेवा दस्तूर) कोष नियमावली, २०५४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५४।१।१९

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मदिरा नियन्त्रण (सेवा दस्तूर) कोष नियमावली, २०५४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको मदिरा नियन्त्रण (सेवा दस्तूर) कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले नियम ६ बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा समितिको सदस्य सचिवलाई समेत जनाउँछ।

(ङ) "अवैध मदिरा" भन्नाले प्रचलित कानून विपरित उत्पादन, संचय, परिवहन वा बिक्री वितरण हुने मदिरा सम्झनु पर्छ।

३. **कोषको स्थापना** : (१) मदिरा नियन्त्रण (सेवा दस्तूर) कोष नामको एक कोषको स्थापना गरिएको छ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नियम ४ बमोजिम प्राप्त रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषलाई आवर्ति कोष (रिवल्विङ्ग फण्ड) को रूपमा संचालन गरिनेछ।

४. **कोषमा रकम जम्मा गर्ने** : (१) प्रचलित कानून बमोजिम मदिरा नियन्त्रण सेवा दस्तूर बापत उठेको रकम कोषमा जम्मा गरिनेछ।

(२) उपनियम (१) बमोजिम कोषमा रकम जम्मा गर्ने कर्तव्य त्यस्तो सेवा दस्तूर उठाउने कार्यालयको हुनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कोषमा रकम जम्मा गर्ने कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

**५. कोषको प्रयोग** : कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :-

(क) अवैध मदिरा नियन्त्रण गर्ने,

(ख) खण्ड (क) बमोजिमको कार्यमा सहयोग पुऱ्याउने सुराकीलाई पुरस्कार दिने,

(ग) खण्ड (क) बमोजिमको कार्यलाई प्रभावकारी ढङ्गले संचालन गर्न आवश्यक प्रचार, प्रसार, विज्ञापन तथा सूचना प्रकाशन गर्ने,

(घ) खण्ड (क) बमोजिमको कार्यको निमित्त गठन हुने कार्यटोली वा त्यससँग सम्बन्धित कर्मचारीलाई दिइने पारिश्रमिक, भत्ता तथा पुरस्कार,

(ङ) अवैध मदिरा नियन्त्रण गर्ने समितिले आवश्यक सम्झेका अन्य कार्यमा खर्च गर्ने ।

**६. कोषको संचालक समितिको गठन** : (१) अवैध मदिराको उत्पादन, संचय, परिवहन तथा बिक्री वितरण कार्यलाई नियन्त्रण र अनुगमन गर्नको लागि एक संचालक समितिको गठन गरिनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, मूल्य अभिवृद्धि कर विभाग | - अध्यक्ष |
| (ख) | उपसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ग) | उपसचिव, गृह मन्त्रालय | - सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल पेय पदार्थ तथा चुरोट उद्योग संघ | - सदस्य |
| (ङ) | निर्देशक (अन्तःशुल्क हेर्ने), मूल्य अभिवृद्धि कर विभाग | - सदस्य-सचिव |

**७. समितिको बैठक र निर्णय** : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर एक वर्षमा कम्तीमा चार पटक समितिको बैठक बस्नु पर्नेछ ।

(२) समितिका कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्यहरूले समितिको बैठक बस्नको लागि लिखित रूपमा माग गरेमा समितिको सदस्य सचिवले अध्यक्षको स्वीकृति लिई समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरूको सूची सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

८. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अवैध मदिराको उत्पादन, संचय, परिवहन तथा बिक्री वितरणमा नियन्त्रण गर्ने गराउने,

(ख) अवैध मदिराको उत्पादन, संचय, परिवहन तथा बिक्री वितरणमा प्रभावकारी ढंगले नियन्त्रण गर्न गराउन आवश्यक प्रचार, प्रसार, विज्ञापन तथा सूचना प्रकाशन गर्ने,

(ग) अवैध मदिरा नियन्त्रण गर्नको लागि वार्षिक कार्ययोजना तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिमको कार्ययोजनाको लागि वार्षिक बजेट तर्जुमा गर्ने, र

(ङ) अवैध मदिरा उत्पादन, संचय, परिवहन तथा बिक्री वितरण कार्यलाई नियन्त्रण र अनुगमन गर्न समितिले आवश्यक सम्झेका अन्य कार्यहरू गर्ने ।

९. **कोषको संचालन तथा व्यवस्था** : (१) यस नियमावली बमोजिम कोषमा जम्मा भएको रकम समितिले तोकिदिएको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम खोलिएको खाताको संचालन समितिले तोकिदिए बमोजिम हुनेछ ।

१०. **लेखा र लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै बखत कोषको आय व्ययको लेखा, तत्सम्बन्धी कागजातहरू र अन्य नगदी, जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. **उपसमिति तथा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमिति तथा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएका उपसमिति तथा कार्यटोलीको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

१२. **बैठक भत्ता** : सदस्यहरूले समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयको स्वीकृति लिई समितिले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१३. **परामर्श लिन सक्ने** : समितिले यस नियमावली बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति तथा निकायसँग परामर्श लिन सक्नेछ ।

१४. **सहयोग गर्नु पर्ने** : समितिको कार्य सम्पादनको सिलसिलामा सम्बन्धित सबै सरकारी कार्यालयले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन** : समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये सबै वा केही अधिकार आवश्यकता अनुसार उपसमिति, कार्यटोलीको संयोजक, अध्यक्ष वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१७. **वार्षिक प्रतिवेदन** : समितिले आफ्नो वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।